## प्रस्ताव एवं निर्णयहरुः

२०७७।०७८-०१६।०१ कानूनहरुको पुनराबलोकन सम्बन्धमा ।

२०७७।०७८-०१६।०२ आर्थिक बर्ष २०७७।०७८ को माघ महिनाको आम्दानी खर्चको विवरण सम्बन्धमा ।

२०७७।०७८-०१६।०३ सहिद सम्मान कार्यक्रम तथा रूपा डान्स आइडलको फाइनल कार्यक्रमको समिक्षा तथा खर्च भुक्तानी सम्बन्धमा ।

२०७७।०७८-०१६।०४ थुम्की रूपाकोट सडक मर्मत सम्बन्धमा ।

२०७७।०७८-०१६।०५ बिविध सम्बन्धमा ।

**कार्यपालिका निर्णय नं २०७७।०७८-१६।०१**

प्रस्ताव नं २०७७।०७८-१६।०१ माथि छलफल गर्दा सयपत्री समाज कास्कीको प्राविधिक सहयोगमा कानूनविद्हरु सहितको उपस्थितिमा रूपा गाउँपालिका कास्कीको निम्नानुसारका कानूनहरु माथी छलफल गरि पुनरावलोकनको लागी आगामी गाउँसभा बैठकमा पेश गर्ने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०७७।०७८-१६।०२**

प्रस्ताव नं २०७७।०७८-१६।०२ माथि छलफल गर्दा रूपा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयबाट आर्थिक बर्ष २०७७।०७८ माघ महिनामा भएको निम्नानुसारको आम्दानी खर्च अनुमोदन गरि पूँजिगत खर्च अत्यन्तै न्यून मात्र भएकोले सो सम्बन्धमा विषयगत शाखाहरुको प्रगती प्रतिवेदन सहित आगामी कार्यपालिका बैठकमा छलफल गर्ने निर्णय गरियो।

**कार्यपालिका निर्णय नं २०७७।०७८-१६।०३**

प्रस्ताव नं २०७७।०७८-१६।०३ माथि छलफल गर्दा रूपा गाउँपालिकाको आयोजनामा शहिद दिवसको अवसरमा गाउँपालिका भित्रका शहिद परिवार जनआन्दोलनका घाईते वेपत्ता परिवार लोकतन्त्र स्थापनाको लागी जेलजिवन व्यतित गर्नुहुने व्यक्ति तथा निजका परिवारहरुको स्वास्थ्य वीमा बापतको रकम भुक्तानी दिने तथा रूपा डान्स आइडल कार्यक्रममा भएको निम्नानुसारको खर्च

निर्णायक तर्फ खर्च रु ४५,०००।
पुरस्कार तर्फ खर्च रु ६५,०००।
खाना खाना तर्फ खर्च रु १५,५१५।
एन पि साउण्ड भाडा रु १५,०००।
एटलस गिफ्ट पसलको खर्च रु १४,९७०।

गरी जम्मा रू १ लाख ५५ हजार ४८५ मात्र खर्च अनुमोदन गरी रूपा आइडल तर्फ विनियोजित रू १,३२,५०० बाट खर्च लेखे अपुग भएको खर्च रु २२,९८५ अध्यक्षको तोक

आदेशको आधारमा गरिने चालू खर्चबाट गरिने भुक्तानी शिर्षकबाट खर्च लेख्ने गरी भुक्तानी दिने निर्णय सहित सहिद सम्मान कार्यक्रम माथी समिक्षा गरी यस्ता खालका कार्यक्रमहरु सञ्चालनमा व्यवस्थापन पक्षमा अझै जोड दिनुपर्ने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०७७।०७८-१६।०४**

प्रस्ताव नं २०७७।०७८-१६।०४ माथि छलफल गर्दा थुम्की रूपाकोट सडक खण्डलाइ प्रदेश डोलिडारमा मर्मतको लागी बजेट माग गर्ने गरी मिति २०७७।१०।२५ को अध्यक्षस्तरिय निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०७७।०७८-१६।०५**

प्रस्ताव नं २०७७।०७८-१६।०५ माथि छलफल गर्दा कार्यपालिका बैठक समापन गर्ने ।

मिति २०७७ साल फाल्गुण ६ गते बसेको गाउँ कार्यपालिका बैठकले उपर उल्लिखत निर्णय गरेको व्यहोरा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४, उपदफा २ खण्ड (क), (ज) बमोजिम प्रमाणित गर्दछु।

.. ... .... ... ...

(सन्तोष ढुङ्गाना)

प्रमुख प्रशासकीय अधिकृत

मितिः रुपा गाउँपालिका कास्की

रुपा गाउँपालिका कास्की